नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या: ०७७/७८
चलानी नं.: ६५

मिति :२०७७/०५/३०

विषय: संविधान दिवस दिवस मनाउने सम्बन्धमा।

श्री स्थानीय तह (सवै)

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.सं.०७७/७८ च.नं. ७१ मिति २०७७/०५/२५ को पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्र अवगत गरी सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/५/२२ गते बसेको संविधान दिवस मूल समारोह समितिको बैठकबाट भएको निर्णय बमोजिम मिति २०७७ साल असोज २, ३ र ४ गते संविधान दिवस मनाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्याः- ०७७/७८

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- 69

सिंहदरवार,

काठमाडौं, नेपाल।

मितिः २०७७/५/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

संघीय मामिला महाशाखा,

सिहदरवार, काठमाण्डौं ।

दर्ता नं.:- 9820

मितिः- २०७७।५।२

विषयः- निर्देशन दिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा २०७७ सालको संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्री ज्यूको अध्यक्षतामा मिति २०७७।५।२२ गते बसेको संविधान दिवस मुल समारोह समितिको बैठकबाट भएको निर्णय बमोजिम यही मिति २०७७ साल असोज २, ३ र ४ गते सम्पुर्ण स्थानीय तहहरुमा निम्न बमोजिम कार्यक्रम आयोजना गरी मनाउने निर्णय भएको हुदा सम्पुर्ण स्थानीय तहहरुलाई उक्त दिन सोही अनुसार संविधान दिवस मनाउनका लागी आवश्यक निर्देशन दिन हुनका लागि हार्दिक अनुरोध छ ।

<u>संविधान दिवस मुल समारोह समितिको निर्णय</u>

*१. प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान, संघसंस्था, कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा आम सर्वसाधारणले असोज २, ३ र ४ गते घर-घरमा साँझमा दीप प्रज्ज्वलन गर्ने।*

*२. स्थानीय सञ्चार माध्यम तथा पत्रपत्रिकाबाट संविधानसँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रकाशन-प्रसारण गर्न लगाउने।*

*३. विभिन्न मन्दिर, बुद्ध विहार, मस्जीद, चर्च एवं गुरुद्वार लगायतका धार्मिक स्थानहरुमा नित्य पूजा गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूको आत्माको चीरशान्तिका लागि राष्ट्रको तर्फबाट उच्च सम्मान र श्रद्धाञ्जली प्रकट गर्दै पूजापाठ तथा प्रार्थना गर्ने।*

उप-सचिव

(बासुदेव घिमिरे)

सम्पर्क नं: ०१-४२११२५३, ०१-४२११२५५ ईमेल:omgs@moha.gov.np